नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरवार

# महाकवि देवकोटा पुरस्कार कार्यविधि

## महाकवि देवकोटा पुरस्कारको संक्षिप्त परिचय

१. पृष्ठभूमि

प्रत्येक राष्ट्रको विकास र समृद्धिमा सर्जकहरूको योगदान उल्लेखनीय हुन्छ । राष्ट्रिय जीवनका विविध क्षेत्रहरूमा विशिष्ट योगदान पुऱ्याउने स्रष्टाहरूले गरेका कार्यहरूको उचित सम्मान गरिनुका साथै तिनका कृतिहरूको अध्ययन, अनुसन्धान, प्रकाशन तथा प्रचार प्रसार हुनु आवश्यक हुन्छ । जहाँसम्म यस पुरस्कारको प्रसङ्ग छ यस प्रकारको योगदान दिने विशिष्ट स्रष्टाहरूका स्मृतिमा सम्मान र पुरस्कार स्थापना गर्दा महाकवि स्वयं र यस पुरस्कारद्वारा पुरस्कृत हुनु हुने स्रष्टाहरूको समान रूपमा सम्मान हुन्छ । यसै वास्तविकतालाई ध्यानमा राखी नेपाल सरकारले महाकवि लक्ष्मीप्रसाद देवकोटाको स्मृतिमा विभिन्न पाँच विषयक्षेत्रहरूमा रू.एक लाखको दरले पुरस्कार प्रदान गर्ने गरी महाकवि देवकोटा पुरस्कारको स्थापना गरेको हो ।

२. पुरस्कारको नाम

क) यस पुरस्कारको नाम महाकवि देवकोटा पुरस्कार रहेको छ ।
ख) यो पुरस्कार प्रत्येक वर्ष नेपाली भाषा र साहित्यमा उत्कृष्ट योगदान गर्ने विशिष्ट स्रष्टा वा संस्था गरी पाँचवटा विषयगत क्षेत्रबाट चयन गरी प्रदान गरिने व्यवस्था छ ।

३. महाकवि देवकोटा पुरस्कारका विषयगत क्षेत्रहरू

महाकवि देवकोटा पुरस्कारसँग सम्बन्धित विषयगत क्षेत्रहरू यसप्रकार रहेका छन् :

क) कविता : यस विषयक्षेत्र अन्तर्गत स्फुट कविता र प्रबन्ध काव्यका साथै लामो कविता, गीति कविता, गीत, गजल आदि छन्दोबद्ध र छन्दमुक्त पद्यरचना पर्दछन् ।
ख) निबन्ध : यस विषयक्षेत्र अन्तर्गत ललित भावात्मक निबन्ध, प्राज्ञिक विश्लेषणात्मक तथा अनुसन्धानमूलक समालोचना, वस्तुगत र तार्किक लेख, नियात्रा वा संस्मरण, आत्मकथा, अन्तर्वार्ता, निवार्ता, आत्मालाप, वार्तालाप आदि पर्दछन् ।
ग) गद्याख्यान/नाटक : यस विषयक्षेत्र अन्तर्गत कथा, उपन्यास, लघुनाटक र नाटक पर्दछन् ।

घ) बालसाहित्य/लोकसाहित्य : यस विषयक्षेत्र अन्तर्गत बालबालिकाहरूका निम्ति उपयोगी कविता, नाटक, आख्यान, निबन्ध, जीवनी, आत्मकथा, नियात्रा र संस्मरणका साथै तिनका बारेमा गरिएका अध्ययन-अनुसन्धान पर्दछन् । त्यसैगरी यस विषयक्षेत्र अन्तर्गत लोकसाहित्यिक सामग्रीको सङ्कलन, सम्पादन, गायन, वाचनका साथै तिनको अनुसन्धान पनि पर्दछन् ।
ङ) भाषा साहित्य सेवा : यस विषयक्षेत्र अन्तर्गत नेपाली लगायत नेपालका भाषाहरू र तिनका साहित्यको संरक्षण तथा सम्बर्द्धनका निम्ति सेवारत व्यक्ति तथा संस्थाद्वारा गरिएका सिर्जनात्मक एवं बौद्धिक, प्राज्ञिक, अनुसन्धानमूलक कार्य र अनुवाद तथा साहित्यिक पत्रकारिता आदि पर्दछन् ।

४. पुरस्कारका निम्ति प्रतिभा चयनका आधार तथा विधि

महाकवि देवकोटा पुरस्कारको निम्नानुसारको मापदण्ड तथा कार्यविधि नेपाल सरकारबाट मिति २०६८।०७।०२ मा स्वीकृत भएको छ -

१. महाकवि देवकोटा पुरस्कार प्रदान गर्नका निम्ति सर्जक वा संस्थाको नाम चयन गरी सिफारिस गर्न प्रत्येक वर्ष महाकवि देवकोटा पुरस्कार चयन समिति गठन गरिनेछ । यस समितिले उपर्युक्त पाँच (५) विषयक्षेत्रमध्ये अघिल्ला चार (४) विषयक्षेत्रबाट वरिष्ठतम र विशिष्ट योगदान गर्ने सर्जक वा अध्येताको नाम चयन गरी पुरस्कारका निम्ति सिफारिस गर्नेछ । भाषा-साहित्य सेवा विषयक्षेत्रका हकमा सर्जक, साधक वा महत्वपूर्ण योगदान गर्ने संस्थाको नाम पुरस्कारका निम्ति चयन गरी सिफारिस गर्नुपर्नेछ । यस क्रममा सो समितिले पुरस्कार प्रदान गर्नका निम्ति प्राप्त सिफारिस तथा आवेदनहरूलाई पनि जानकारीमा लिइनेछ ।
२. बुँदा नं एक (१) बमोजिम गठन हुने चयन समिति पुरस्कृत गरिने विषयक्षेत्रगत विज्ञताको प्रतिनिधित्व हुने गरी संयोजक सहित बढीमा पाँच (५) सदस्यीय हुने छ ।
३. उपर्युक्त प्रत्येक विषयक्षेत्रसँग सम्बद्ध सर्जक वरिष्ठ, ख्यातिप्राप्त, लोकप्रिय, विशिष्ट सिर्जनात्मक वा प्राज्ञिक योगदान गरेको र आफ्नो विषयक्षेत्रमा दिएको गहन योगदानद्वारा नेपाली साहित्यमा प्रतिष्ठा आर्जन गरेको हुनुपर्नेछ । यस्तो सर्जक नेपाली वा गैरनेपाली नागरिक पनि हुन सक्नेछ । पुरस्कार प्रदान गरिने सर्जकका पुस्तकाकार कृतिहरू प्रकाशित भएको हुनुपर्ने छ । यसका साथै वृत्तचित्र, चलचित्र, गायन, लोकगायन आदिसँग सम्बन्धित सामग्री सार्वजनिक गरेको सर्जक वा अध्येतालाई पनि पुरस्कारका निम्ति चयन गर्न सकिने छ ।
४. पुरस्कारका लागि सर्जकको छनौट गर्दा कृतिका अतिरिक्त वरिष्ठता र कृतिको गुणस्तरलाई मुख्य आधार मान्नु पर्नेछ ।
५. पुरस्कार प्राप्त गर्नयोग्य सर्जक वा संस्थाको नाम चयन गर्ने सिलसिलामा व्यक्ति वा संस्थालाई पुरस्कार प्राप्त गर्नयोग्य सर्जकको व्यक्तिगत विवरण सहित सिफारिस गर्नका लागि सार्वजनिक सूचना जारी गरिनेछ । सर्जक वा संस्था स्वयंले पनि पुरस्कारका निम्ति आफ्नो विवरण सहित आवेदन दिन सक्नेछन् ।

६. पुरस्कारका निम्ति नाम सिफारिस गर्दा चयन समितिले स्पष्ट आधार दिई सिफारिस गरेको हुनुपर्नेछ र सो सिफारिस बमोजिम नै पुरस्कारको घोषणा गरिनेछ ।

७. पाँचवटा विषयगत क्षेत्रमा प्रदान गरिने प्रत्येक पुरस्कारको राशि अर्को निर्णय नभएसम्मका लागि रु १,००,०००।- (रू.एकलाख मात्र) कायम गरिएको छ । पुरस्कृत सर्जक वा संस्थालाई पुरस्कार रकमका साथै सम्मानपत्र समेत प्रदान गरिनेछ ।

८. पुरस्कार चयन समितिबाट कुनै विषयक्षेत्रमा पुरस्कार प्रदान गर्नयोग्य सर्जक वा संस्था चयन हुन नसकेको अवस्थामा सो विषयक्षेत्रको पुरस्कार त्यस वर्ष प्रदान गरिने छैन ।

९. प्रत्येक वर्ष प्रदान गरिने महाकवि देवकोटा पुरस्कारको घोषणा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म जयन्तीको अवसर पारी गरिने छ । पुरस्कार सोही आर्थिक वर्षभित्र प्रदान गरिने छ ।

१०. माथि उल्लेख भएका मापदण्ड तथा कार्यविधिसँग नबाझिने गरी परिआएका बाधा अड्चन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सुल्झाउनेछ ।